# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








❐ वर्ष : २५ ❐ अंक : २१२ ❐ शुक्रवार, १ जेठ, २०८३ ❐ Friday, 15 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


# कर्णालीका स्थानीय तहमा १ हजारभन्दा बढी दरबन्दी रिक्त

*प्रदेश सरकारले अब सबै स्थानीय तहलाई एक साताभित्र रिक्त दरबन्दीको विवरण पठाउन निर्देशन दिएको छ। स्थानीय तहबाट माग आएपछि प्रदेश लोक सेवा आयोगले पदपूर्तिको प्रक्रिया अघि बढाउने बताइएको छ।*

❐ कााँक्रेविहार संवाददाता
सुर्खेत, ३१ वैशाख

कर्णाली प्रदेशका स्थानीय तहमा ठूलो सत्र्यामा कर्मचारी दरबन्दी रिक्त रहे पनि पदपूर्तिका लागि स्थानीय सरकारहरूले आवश्यक पहल नगरेको पाइएको छ। प्रदेशभरका स्थानीय तहमा कुल १ हजार ३ सय ६३ वटा कर्मचारी दरबन्दी खाली रहे पनि अधिकांश स्थानीय तहले प्रदेश लोक सेवा आयोगमार्फत पदपूर्तिका लागि माग नपठाएको तथ्य सार्वजनिक भएको हो।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कर्णालीका स्थानीय तहमा कुल ५ हजार ६ सय ६० स्वीकृत दरबन्दीमध्ये १ हजार ३ सय ६३ पद रिक्त छन्। तर स्थानीय तहका जनप्रतिनिधिहरूले स्थायी पदपूर्तिभन्दा आफ्ना निकट व्यक्तिलाई करारमा नियुक्त गर्ने प्रवृत्ति बढ्दै जाँदा नियमित पदपूर्ति प्रक्रिया प्रभावित बनेको जनाइएको छ।

यसअघि प्रदेश लोक सेवा आयोगले स्थानीय तहहरूलाई रिक्त पदको विवरण पठाउन सूचना जारी गरे पनि कुनै पनि स्थानीय तहले आवश्यक माग नपठाएको आयोगले जनाएको छ। माग नै नआएकाले आयोगले विज्ञापन प्रक्रिया अघि बढाउन नसकेको प्रदेश लोक सेवा आयोगका सूचना अधिकारी सन्तोष पाण्डेयले बताए। तथ्यांकअनुसार शिक्षा सेवातर्फ पाँचौंदेखि नवौं/दशौं तहसम्मका १ सय ८३ स्वीकृत दरबन्दीमध्ये ५१ पद रिक्त छन्। इन्जिनियरिङ सेवातर्फ सबैभन्दा धेरै ४ सय २१ दरबन्दी खाली छन्। यस क्षेत्रमा कुल १ हजार ५५ स्वीकृत पदमध्ये ६ सय ३४ पदमा मात्रै कर्मचारी कार्यरत छन्।

यस्तै प्रशासन सेवातर्फ ४ सय ७७, स्वास्थ्य सेवातर्फ १ सय ५२, कृषि सेवातर्फ २ सय ३७ तथा विविध सेवातर्फ २५ पद रिक्त रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। कर्मचारी अभावका कारण स्थानीय तहमा सेवा प्रवाह, योजना कार्यान्वयन तथा प्राविधिक कामसमेत प्रभावित हुने गरेको छ। स्थानीय तहमा बढ्दो कर्मचारी अभावलाई मध्यनजर गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पुनः स्थानीय सरकारहरूलाई रिक्त पदको विवरण पठाउन पत्राचार गरेको छ। वैशाख २३ गते बसेको कर्णाली प्रदेश समन्वय परिषद्को एघारौं बैठकले स्थानीय तहमा रिक्त रहेका दरबन्दीको विवरण सङ्कलन गरी पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो।

सोही निर्णयअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतबार सबै स्थानीय तहलाई एक साताभित्र रिक्त दरबन्दीको विवरण पठाउन निर्देशन दिएको हो। कार्यालयका सूचना अधिकारी सुरेन्द्र शाहीका अनुसार दक्ष कर्मचारी अभावका कारण स्थानीय तहको सेवा प्रवाह प्रभावित नहोस् भन्ने उद्देश्यले विवरण माग गरिएको हो। "स्थानीय सरकारले माग गरे बमोजिम प्रदेश लोक सेवा आयोगले पदपूर्तिको प्रक्रिया अघि बढाउँछ," उनले भने, "सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थायी कर्मचारी आवश्यक छन्। कर्णालीका धेरै स्थानीय तहमा इन्जिनियर, स्वास्थ्यकर्मी, कृषि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव लामो समयदेखि समस्या बन्दै आएको छ।

कतिपय पालिकाले करार कर्मचारीको भरमा कार्यालय सञ्चालन गरिरहेका छन्। यसले प्रशासनिक स्थायित्व, पारदर्शिता तथा सेवा प्रवाहको गुणस्तरमा असर पर्ने सरोकारवालाहरू बताउँछन्।

स्थानीय तहहरूले समयमै पदपूर्तिका लागि माग नपठाउँदा प्रदेश लोक सेवा आयोगमार्फत स्थायी कर्मचारी भर्ना प्रक्रिया नै अवरुद्ध हुने गरेको छ। प्रदेश सरकारले अब रिक्त दरबन्दी पूर्तिलाई प्राथमिकतामा राख्दै स्थानीय तहसँग समन्वय तीव्र बनाउने जनाएको छ।

# कर्णाली पर्यटन सम्मेलन हुँदै, प्रवर्द्धन र लगानी आकर्षणमा जोड दिइने




*सम्मेलनमार्फत रारा, शे-फोक्सुण्डो लगायत कर्णालीका पर्यटन गन्तव्यलाई प्रत्यक्ष बजारसँग जोड्ने प्रयास गरिएको छ। सम्मेलनले कर्णालीमा पर्यटन लगानी, रोजगारी र आर्थिक गतिविधि विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ।*

❐ कााँक्रेविहार संवाददाता
सुर्खेत, ३१ वैशाख

कर्णाली प्रदेशको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यसहित सुर्खेतमा पहिलो पटक "प्रथम कर्णाली पर्यटन सम्मेलन" आयोजना हुने भएको छ। नेपाल पर्यटन बोर्ड र वीरेन्द्रनगर नगरपालिकाको संयुक्त आयोजनामा तथा होटल व्यवसायी महासंघ कर्णाली प्रदेशको समन्वयमा आगामी जेठ ८, ९ र १० गते सम्मेलन सञ्चालन हुने भएको हो।

सम्मेलनबारे जानकारी दिन वीरेन्द्रनगरमा विहिबार आयोजित पत्रकार सम्मेलनमा आयोजकहरूले कर्णालीको पर्यटन विकास, लगानी प्रवर्द्धन तथा अन्तरप्रदेशीय र अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्ने लक्ष्यका साथ कार्यक्रम आयोजना गर्न लागिएको बताएका छन्। सम्मेलन मूल आयोजक समितिका संयोजक तर्कबहादुर शाहीले कर्णालीको पर्यटन क्षेत्रलाई व्यावसायिक रूपमा अघि बढाउन सम्मेलन महत्वपूर्ण अवसर बन्ने विश्वास व्यक्त गरे।

उनका अनुसार सम्मेलनमा नेपालका लुम्बिनी र सुदूरपश्चिम प्रदेशका साथै भारतका उत्तर प्रदेश, उत्तराखण्ड र दिल्लीबाट पर्यटन व्यवसायी, लगानीकर्ता, ट्राभल एजेन्सी, टुर अपरेटर, सञ्चारकर्मी, ट्राभल

बाँकी पृष्ठ २






# सुत्केरी महिलाको प्रहरीद्वारा उद्धार

❐ कााँक्रेविहार संवाददाता
हुम्ला, ३१ वैशाख

सिमकोट गाउँपालिका चार हिल्दुम गाउँकी २२ वर्षीया चिनकली कामीलाई बिहीबार बिहान सुत्केरी अवस्थामै प्रहरीले उद्धार गरी अस्पताल पुऱ्याएको छ।

हाल वडा नं. पाँच काठेचुली चोकमा डेरा गरी बस्दै आएकी कामी बाटोमै सुत्केरी भएकी थिइन्।

आफन्तले प्रहरीलाई खबर गरेपछि प्रहरी निरीक्षक युवराज ढकालको नेतृत्वमा पुगेको टोलीले आमा र नवजात शिशुको उद्धार गरी जिल्ला अस्पताल हुम्लामा भर्ना गरेको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ।

प्रहरीका अनुसार उद्धार टोली घटनास्थल पुग्दा सुत्केरी महिलालाई घरबाहिर बाटोमै राखिएको अवस्थामा भेटिएको थियो।

त्यसपछि प्रहरी टोलीले स्टेचरको सहायताले आमा र शिशुलाई बोकेर अस्पतालसम्म पुऱ्याएको हो।

अस्पताल स्रोतका अनुसार आमा र नवजात शिशुको स्वास्थ्य अवस्था अहिले सामान्य रहेको छ भने उपचार जारी छ।

थानीयवासीका अनुसार एम्बुलेन्सलाई खबर गर्दा समयमै सेवा नपाएपछि प्रहरीले नै प्रत्यक्ष रूपमा उद्धार गर्नुपरेको हो। आकस्मिक अवस्थामा एम्बुलेन्स सेवा ढिलो हुने गरेको गुनासोसमेत स्थानीयले गरेका छन्।

## सम्पादकीय

# गुणस्तरीय शिक्षामा ध्यान देऊ

कर्णाली प्रदेशमा यस वर्ष सार्वजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजाले सकारात्मक सन्देश दिएको छ । विगत लामो समयदेखि कमजोर शैक्षिक अवस्था, न्यून उत्तीर्ण प्रतिशत र कमजोर सिकाइ उपलब्धिका कारण चर्चामा रहने कर्णालीले यस पटक केही आशा जगाउने परिणाम प्रस्तुत गरेको छ । विशेषगरी रुकुम पश्चिम, मुगु, कालिकोट, सल्यान र जुम्लाजस्ता जिल्लाले उल्लेखनीय सुधार गरेका छन् । रुकुम पश्चिमले ७९.३४ प्रतिशत उत्तीर्ण दर हासिल गरेर प्रदेशमै उत्कृष्ट स्थान बनाएको छ । मुगु र कालिकोटले पनि राष्ट्रिय औसत नजिक पुग्ने गरी प्रगति गरेका छन् । विगतमा अत्यन्त कमजोर मानिने हिमाली जिल्लामा समेत सुधार देखिनु उत्साहजनक पक्ष हो । यसले स्थानीय तह, विद्यालय प्रशासन, शिक्षक तथा अभिभावकले पछिल्ला वर्षहरूमा शिक्षा सुधारका लागि देखाएको सक्रियता प्रभावकारी हुन थालेको देखाउँछ ।

तर यो सुधारलाई पूर्ण सफलताको रूपमा व्याख्या गर्ने अवस्था अझै बनेको छैन । कर्णाली अझै राष्ट्रिय औसतभन्दा तल छ । राष्ट्रिय स्तरमा ६५ प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण हुँदा कर्णाली ५९ प्रतिशतमा सीमित हुनु प्रदेशको शिक्षा प्रणालीमा अझै धेरै कमजोरी रहेको संकेत हो । अझ दैलेखजस्तो जिल्लामा केवल ३१.८२ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण हुनु गम्भीर चिन्ताको विषय हो । प्रदेश राजधानी रहेको सुर्खेतले समेत अपेक्षाअनुसार परिणाम ल्याउन नसक्नुले शिक्षा क्षेत्रमा संरचनागत समस्या अझै कायम रहेको स्पष्ट पार्छ । कर्णालीको शैक्षिक चुनौती केवल परीक्षा परिणामसँग मात्र जोडिएको छैन । यहाँको भौगोलिक विकटता, शिक्षक अभाव, विद्यालय पूर्वाधारको कमजोरी, समयमै पाठ्यपुस्तक नपुग्ने समस्या, गरिबी र नियमित पठनपाठनमा हुने अवरोधले दीर्घकालीन असर पारिरहेका छन् । कतिपय विद्यालयमा विषयगत शिक्षकको अभाव अझै गम्भीर छ । विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक नहुँदा विद्यार्थीको सिकाइ कमजोर हुने गरेको छ । दुर्गम क्षेत्रमा विद्यालय पुग्ने घण्टौँ हिँड्नुपर्ने अवस्था अझै अन्त्य भएको छैन ।

यद्यपि पछिल्ला वर्षहरूमा विद्यालय अनुगमन, अतिरिक्त कक्षा सञ्चालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थीको सिकाइ उपलब्धिमा केन्द्रित कार्यक्रम सञ्चालन भएपछि केही सकारात्मक परिणाम देखिन थालेका छन् । यसले देखाउँछ कि यदि राज्यले निरन्तर लगानी र प्रभावकारी व्यवस्थापन गर्न सके कर्णालीको शिक्षा क्षेत्र सुधार्न असम्भव छैन । तर अहिलेको सुधारलाई स्थायी उपलब्धिमा बदल्न दीर्घकालीन योजना आवश्यक छ । यस वर्षको एसइई नतिजाले आशाको फिल्को देखाएको छ, तर त्यो फिल्कोलाई स्थायी उज्यालोमा बदल्न निरन्तर प्रयास आवश्यक छ । राज्यले शिक्षा क्षेत्रमा दीर्घकालीन प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन देखाउन सके मात्र कर्णालीका विद्यार्थीले समान अवसर र गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्नेछन् ।

# सुकुमबासीलाई समस्या देख्ने कि अवसर ?



✍ डा. आरसी लामिछाने

महान् वैज्ञानिक अल्वर्ट आन्सटाईनका अनुसार, 'एउटा सोचको तहबाट सिर्जना भएको समस्या, त्यही तहको सोचबाट समाधान हुन सक्दैन । समस्या समाधान गर्न खोजिएको हो भने सोचको तह बदल्नै पर्छ ।' नेपालको भूमिहीन तथा सुकुमबासी समस्या पनि ठिक त्यही अवस्थामा छ ।

दशकौँदेखि यो विषयलाई राजनीतिक नाराबाजी, अस्थायी आयोग, टालटुले वितरण र चुनावी आश्वासनको माध्यमबाट हेरियो तर समस्या समाधान हुनुको सट्टा झन् जटिल बन्दै गयो । कारण स्पष्ट छ, समस्यालाई समस्या जस्तै गरेर मात्र हेरियो, अवसरका रूपमा हेरिएन । जबसम्म राज्यले भूमिहीन अवस्थालाई गरिबी, अव्यवस्था र राजनीतिक बोझका रूपमा मात्र हेर्छ, तबसम्म यो समस्या समाधान हुँदैन ।

तर जुन दिन राज्यले यही जनशक्तिलाई उत्पादनशील शक्ति, श्रमशक्ति र नयाँ आर्थिक आधारका रूपमा हेर्न सुरु गर्छ, त्यही दिनबाट नेपालमा सामाजिक तथा आर्थिक रूपान्तरणको नयाँ अध्याय सुरु हुनेछ । विगतमा गरिब, किसान र सुकुमबासीको नाममा राजनीति गर्ने धेरै शक्तिहरू सत्तामा पुगे । तर उनीहरूले यो समस्यालाई राष्ट्रिय पुनर्निर्माणको अवसरका रूपमा उपयोग गर्न सकेनन् ।

त्यसैले बालेन नेतृत्वको सरकारसँग इतिहास बदल्ने दुर्लभ अवसर छ । अब सरकार समक्ष मूल प्रश्न के हो भने के नेपाल फेरि पुरानै शैलीमा समस्या धकेलिरहने देश बन्नेछ वा यही अवसरलाई उपयोग गरेर नयाँ इतिहास निर्माण गर्नेछ ? के वर्तमान सरकारसँग लाखौँ नागरिकको जीवन बदल्दै नेपाललाई आधुनिक, व्यवस्थित र उत्पादनमुखी राष्ट्रमा रूपान्तरण गर्ने साहस छ ? इतिहासले सधैँ अवसर दिन्न, तर जब दिन्छ, त्यसलाई समात्ने राष्ट्रहरू नै अगाडि बढ्छन् ।

पछिल्लो समय राष्ट्रिय भूमि आयोगद्वारा सङ्कलित विवरणअनुसार नेपालमा करिब ८८ हजार भूमिहीन दलित, १ लाख ६७ हजार भूमिहीन सुकुमबासी र ८ लाख ६७ हजार अव्यवस्थित बसोबासी परिवार रहेका छन् । अर्थात् ११ लाखभन्दा बढी परिवार कुनै न कुनै रूपमा भूमि तथा व्यवस्थित बसोबास समस्यासँग जोडिएका छन् । यद्यपि, व्यावहारिक रूपमा तत्काल पुनर्स्थापना आवश्यक पर्ने परिवारको सङ्ख्या करिब दुई देखि तीन लाखबिचमा हुन सक्ने देखिन्छ ।

यी परिवारलाई योजनाबद्ध रूपमा आर्थिक केन्द्र नजिक पुनर्स्थापन गरियो भने नेपालले पाँच वर्षभित्रै अव्यवस्थित बस्ती, वन अतिक्रमण, जोखिमयुक्त बसोबास, बेरोजगारी र अव्यवस्थित सहरीकरणजस्ता समस्यालाई उल्लेखनीय रूपमा घटाउन सक्छ । वास्तवमा भूमिहीनता भनेको केवल घर नहुनु मात्र होइन । यो बेरोजगारी, कमजोर उत्पादन प्रणाली, सामाजिक असुरक्षा, नदीकिनार अतिक्रमण, वन विनाश र दीर्घकालीन राष्ट्रिय योजना अभावसँग जोडिएको राष्ट्रिय चुनौती हो ।

यो समस्याका कारण हजारौँ परिवार आफ्नै देशमा शरणार्थी जस्तो जीवन बिताउन बाध्य छन् । उनीहरूसँग नागरिकता छ, मताधिकार छ, तर सम्मानजनक जीवनको आधार छैन । तर फरक तरिकाले सोच्ने हो भने यही समुदाय नेपालकै सबैभन्दा ठुलो सम्भावना पनि हो । राज्यले उनीहरूलाई 'समस्या' नभई 'राष्ट्र निर्माणको साझेदार' का रूपमा हेर्ने हो भने यही जनशक्तिले नेपालको सामाजिक र आर्थिक संरचना बदल्न सक्छ ।

संसारका धेरै राष्ट्रहरूले कमजोर समुदायलाई बोझका रूपमा नभई विकासको ऊर्जा बनाएर प्रगति गरेका छन् । अब नेपालले पनि त्यही बाटो समाउनु पर्ने समय आएको छ ।

नेपालमा करिब तीन लाख भूमिहीन परिवार रहेको अनुमान गरिन्छ । यदि प्रत्येक परिवारलाई न्यूनतम आठ आना जमिन, सुरक्षित आवास, करेसाबारी, शिक्षा, स्वास्थ्य र रोजगारीसँग जोडिएको 'एकीकृत बस्ती तथा उत्पादन मोडेल' अन्तर्गत पुनर्स्थापन गरियो भने नेपालले दशकौँ पुरानो सामाजिक तनाव अन्त्य गर्न सक्छ । तीन लाख परिवारका लागि करिब सात हजार पाँच सय हेक्टर जमिन पर्याप्त हुन सक्छ, जुन राष्ट्रिय स्तरमा असम्भव क्षेत्रफल होइन । वास्तवमा यो जमिनको समस्या भन्दा पनि व्यवस्थापन, इच्छाशक्ति र स्पष्ट दृष्टिकोणको प्रश्न हो । अहिले देशभरि अव्यवस्थित रूपमा प्रयोग भइरहेका धेरै जमिन वैज्ञानिक व्यवस्थापन मार्फत पुनः राज्यको नियन्त्रणमा आउन सक्छन् ।

त्यसकारण जमिनका बारेमा देशले चिन्ता लिनु पर्दैन । यसरी व्यवस्थापन गर्न सक्दा एकातर्फ खोलाकिनार, जङ्गल क्षेत्र र जोखिमयुक्त बस्तीहरू व्यवस्थित हुनेछन् भने अर्कोतर्फ उद्योग, निर्माण, कृषि र सेवा क्षेत्रमा आवश्यक श्रमशक्ति आर्थिक केन्द्र नजिक केन्द्रित हुन्छ । यही सोचका आधारमा सरकारले दमक, इटहरी, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौडा, भरतपुर, बुटवल, पोखरा, नेपालगञ्ज, धनगढी लगायत आर्थिक केन्द्र नजिक योजनाबद्ध आधुनिक बस्ती विकास गर्न सक्छ ।

यसले यी बस्तीहरूलाई आधुनिक नेपालको आर्थिक उत्पादन केन्द्रका रूपमा रुपान्तरण गर्न सक्छ । यस्ता एकीकृत बस्तीहरूले ठुला सहरलाई आवश्यक जनशक्ति, उत्पादन र सेवा आपूर्ति गर्नेछन् र देशलाई योजनाबद्ध सहरीकरणतर्फ लैजानेछन् । राज्यसँग स्पष्ट दृष्टि, दृढ राजनीतिक इच्छाशक्ति र परिणाममुखी कार्यसंस्कृति हुने हो भने यो योजना दशकौँ लाग्ने परियोजना होइन ।

उच्चस्तरीय राष्ट्रिय प्रतिबद्धतासहित काम गर्ने हो भने आगामी दुई वर्षभित्रै आधारभूत रूपान्तरण सुरु गर्न सकिन्छ । पहिलो तीन महिनाभित्र भूमिहीन परिवारहरूको डिजिटल पहिचान, वास्तविक लाभग्राही प्रमाणीकरण, वैज्ञानिक भू-उपयोग योजना र उपयुक्त जमिन छनोट गर्न सकिन्छ । त्यसपछि नौ महिनाभित्र सडक, पानी, बिजुली, ढल, इन्टरनेट र आधारभूत पूर्वाधार निर्माणसँगै स्थानीय सामग्रीमा आधारित आवास निर्माण गरेर वर्षदिन भित्र घर हस्तान्तरण गर्न सकिन्छ ।

यसका लागि पुरानो प्रशासनिक शैलीलाई विद्युतीय गतिको राष्ट्रिय कार्यसंस्कृतिले विस्थापन गर्न सक्नु पर्छ । नेपालले भूकम्पपछिको पुनर्निर्माण गर्न सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिन अझ ठुलो सङ्कल्प गर्न किन सक्दैन ? प्रश्न स्रोतको होइन, सोच र इच्छाशक्तिको हो ।

आर्थिक रूपमा पनि यो योजना पूर्णतया व्यवहारिक छ । एउटा सुरक्षित र वातावरणमैत्री घरको औसत लागत पाँच लाख रुपैयाँ मान्ने हो भने तीन लाख घर निर्माणका लागि करिब एक खर्ब ५० अर्ब रुपैयाँ आवश्यक पर्छ । पहिलो दृष्टिमा यो रकम ठुलो देखिए पनि राष्ट्रिय अर्थतन्त्रको दृष्टिले यो असम्भव लगानी होइन । नेपालले हरेक वर्ष अरबौँ रुपैयाँ अनुत्पादक क्षेत्रमा खर्च गरिरहेको छ । यदि त्यही स्रोतलाई दीर्घकालीन सामाजिक तथा आर्थिक रूपान्तरणमा केन्द्रित गरियो भने यसको प्रतिफल धेरै गुणा ठुलो हुन्छ । अझ सबै घर महँगा कङ्क्रिट संरचनामा बनाउनुपर्छ भन्ने सोच पनि वैज्ञानिक होइन । नेपालको भूगोलअनुसार ताराईमा बाँस, कम्प्रेस्ड ब्लक र स्थानीय ईँटा, पहाडमा ढुंगा, माटो, स्लेट र स्थानीय काठ प्रयोग गरेर कम लागतमा टिकाउ घर निर्माण गर्न सकिन्छ । सामुदायिक श्रमदान, स्थानीय मिस्त्री र प्राविधिक परिचालनले लागत घटाउनुका साथै समुदायमा स्वामित्व भावना पनि बढाउँछ । त्यसैले यो अभियान सरकार एक्लैले गर्ने कार्यक्रम नभई यो सम्पूर्ण राष्ट्रले मिलेर सञ्चालन गर्ने राष्ट्रिय पुनर्निर्माण अभियान बन्नुपर्छ ।

नेपालले भूकम्प, बाढी वा विपद्को बेला राष्ट्रिय एकता देखाउन सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिनका लागि किन सक्दैन ? वास्तवमा यो खर्च नै होइन । यो त नेपालको भविष्यमा गरिने सबैभन्दा महत्वपूर्ण सामाजिक आर्थिक लगानी हो । सरकारले राष्ट्रिय भूमिहीन आवास तथा पुनर्स्थापन कोष स्थापना गरेर प्रारम्भिक बजेट सुनिश्चित गर्न सक्छ ।

# स्वच्छ वातावरण निर्माणमा अधिकारकर्मीहरूको जोड

❑ कान्क्रेविहार संवाददाता
सुर्खेत, ३१ वैशाख

अधिकारकर्मीहरूले हरेक नागरिकले स्वच्छ वातावरणमा जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चितता हुनुपर्ने माग गरेका छन् । विहिबार मानव अधिकारका क्षेत्रमा काम गर्ने अनौपचारिक सेवा केन्द्र (इन्सेक) द्वारा आयोजित वातावरण र मानव अधिकार विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै अधिवक्ता गीता कोइरालाले वातावरण र मानव अधिकार सम्बन्धिको मौलिक हक संविधानले समेत प्रत्याभुत गरेको उल्लेख गर्दै हरेक नागरिकलाई स्वच्छ वातावरणमा बाँच पाउने अधिकारको ग्यारेण्टी राज्यले गुर्नपर्नेमा जोड दिइन् । 'संविधानको धारा ३० ले स्वच्छ वातावरणमा जिउन पाउने मौलिक अधिकार प्रत्याभूत गरेको छ,' उनले भनिन्, 'प्रदुषित वातावरणका कारण मानव अधिकार हनन् भइरहेकाले स्वच्छ वातावरणमा बाच्न पाउने अधिकार राज्यले सुनिश्चित गर्नुपर्छ ।' संविधानले मौलिक अधिकारको अक्षरस कार्यान्वयन गर भनेको भएपनि राज्यको व्यवहारमा ठिक उल्टो भइरहेको टिप्पणी गर्दै उनले वातावरण स्वस्थ राख्न सबै मिलेर अघि बढ्नु पर्नेमा जोड दिइन् ।

यस्तै, अभियान्ता हरि बादीले प्रदुषित वातावरणकै कारण आफ्नो समुदायमा असर परेको बताए । आफुहरु २०४६ सालबाट भुप्रा खोलामा बस्दै आएको भएपनि राज्यले उचित व्यवस्थापनमा ध्यान नदिएको पनि उनले बताए । 'मानव अधिकार भनेको स्वतन्त्र बाच्न पाउने अधिकार हो । तर, बादी समुदायले यसको उपयोग गर्न पाएका छैनन् । नगरपालिकाले गिट्टी बालुवा ठेक्का दिन थालेपछि हाम्रो पेशा नै संकटमा परेको छ ।' उनले वातावरणको स्वरुप नै बिग्रने गरि बालुवा गिट्टी तान्दा बस्ती जोखिममा परेको दुखेसो पोखे । उनले खोला छेउका बस्तीमा बसेकालाई सरकारले हटाइ दिने भनेपछि बादी समुदाय त्रसित बनेको दावी गरे । बादी बस्तीलाई उचित व्यवस्थापन नगरी नउठाइ दिन उनले आग्रह गरे । भुप्रा खोला नजिक फालिएको फोहरका कारण दुषित पानी पिउन बाध्य भएको उनको भनाइ छ ।

यस्तै, मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक त्रिभुन विसीले विनास बिनाको विकास सम्भव छ वा छैन भन्ने विषयमा पैरवी हुनुपर्ने बताए । सामाजिक, आर्थिक र सांस्कृतिक पक्ष स्वच्छ, स्वस्थ र सुरक्षित भएमात्रै समाज सुरक्षित हुने उनको भनाई थियो । 'स्वच्छ वातावरणबिना मानवअधिकार रक्षा हुँदैन र नागरिक सचेत नभए संवैधानिक अधिकार सुनिश्चित हुन्छ,' उनले भने, 'जल, जंगल र जमिनको सहि सदुपयोग हुनपर्ने हो तर हामीकहाँ विकासका नाममा वातावरण बिगार्ने कामले तीव्रता पाएको छ ।' महिला अधिकारकर्मी जरमाया बाठाले वीरेन्द्रनगरका बधशालाले नागरिकको स्वास्थ्यमा गम्भीर असर पारेका प्रति नियामक निकायको ध्यानकर्षण गराइन् ।

उनले वीरेन्द्रनगर बजार क्षेत्रबाट उत्पादन हुने फोहरमा आगो लगाइदा जनस्वास्थ्यमा परिरहेको गम्भीर असरका बारेमा बेलैमा सचेत रहनुपर्ने बताइन् । यस्तै, हरित अभियान्त किरणकिशोर सापकोटाले वातावरण संरक्षणमा मितव्यिता र न्यूनिकरणको सिद्धान्त अपनाउनु पर्नेमा जोड दिए ।

कर्णाली प्रदेशसभा सदस्य दुर्गबहादुर रावतले मानव जीवन जोगाउन वातावरण संरक्षण आवश्यक रहेको बताए ।

## प्रथम...

ब्लगर तथा पर्यटन क्षेत्रका विज्ञहरूको सहभागिता रहनेछ । कार्यक्रममा बायर-सेलर मिटिङ, नेटवर्किङ, पर्यटन गन्तव्य प्रस्तुति, फ्याम ट्रिप, प्राविधिक छलफल, प्यानल डिस्कसन तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

आयोजकका अनुसार सम्मेलन केवल औपचारिक कार्यक्रम वा भेटघाटमा सीमित रहने छैन । कर्णालीका होमस्टेदेखि ठूला होटलसम्म तथा रारादेखि शे-फोक्सुण्डोसम्मका पर्यटन प्याकेजलाई प्रत्यक्ष बजारसँग जोड्ने प्रयास गरिनेछ । सम्मेलनमार्फत कर्णालीलाई नेपालको उदीयमान पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ ।प्राकृतिक सौन्दर्य, हिमाली भू-दृश्य, जैविक विविधता, धार्मिक सम्पदा, सांस्कृतिक परम्परा तथा साहसिक पर्यटनका दृष्टिले कर्णाली अत्यन्त सम्भावनायुक्त प्रदेश मानिन्छ । रारा ताल, शे-फोक्सुण्डो, सिंजा सभ्यता, खप्तड आसपासका क्षेत्र, जडीबुटी, स्थानीय संस्कृति तथा मौलिक खानाका कारण कर्णाली आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै गएको छ । तर पर्याप्त पूर्वाधार, प्रचारप्रसार र लगानी अभावका कारण कर्णालीको पर्यटन क्षमता अझै पूर्ण रूपमा उपयोग हुन सकेको छैन ।

सम्मेलनले कर्णालीको पर्यटन क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने, स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्ने तथा रोजगारी सिर्जनामा टेवा पुग्ने अपेक्षा गरिएको छ । संयोजक शाहीले कर्णालीलाई अभावको कथा मात्रै नभई सम्भावनाको खानीका रूपमा चिनाउनुपर्ने बताए । "कर्णाली केवल घुम्ने ठाउँ होइन, यो अनुभूति हो," उनले भने, "हाम्रा हिमाल, संस्कृति र जीवनशैली विश्वस्तरका प्रिमियम पर्यटन उत्पादन बन्न सक्छन् । आयोजकले सम्मेलन सफल बनाउन सरकारी निकाय, निजी क्षेत्र, सञ्चारमाध्यम र स्थानीय समुदायको सहकार्य आवश्यक रहेको बताएका छन् । सम्मेलनले कर्णालीको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ ।

# विद्युत् टावर पुनर्निर्माणमा महिनौ लाग्ने

❑ काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ वैशाख

तीन महिना अघि मात्रै सञ्चालनमा आएको कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजना अन्तर्गत हावाहुरीले क्षतिग्रस्त बनाएका दुई वटा विद्युत् टावर पुनर्निर्माण कार्य सुरु गरिएको छ।

बुधबारदेखि बाँकेको चिसापानी क्षेत्रस्थित क्षतिग्रस्त टावर हटाएर नयाँ संरचना निर्माणको काम थालिएको आयोजनाले जनाएको छ।

गत शनिबार आएको शक्तिशाली हावाहुरीले चिसापानी नजिक रहेको कृष्ण सामुदायिक वनभित्रका ४४ र



४५ नम्बरका दुई वटा टावर पूर्ण रूपमा ढालेको थियो।

आयोजनाका सूचना अधिकारी इन्जिनियर रितेश जयसवालका अनुसार क्षतिग्रस्त पोल हटाएर नयाँ जग निर्माणको काम सुरु भइसकेको छ।

आयोजनाले प्रसारण लाइन विस्तारका क्रममा दायाँबायाँ १८ मिटर क्षेत्र सफा गरिएको भए पनि हावाहुरीका कारण २२ मिटर टाढा रहेको करिब ३८ मिटर अग्लो र तीन मिटर मोटाइको रुख लाइनमाथि ढल्दा टावरमा ठूलो क्षति पुगेको जनाएको छ।

टावर भन्दा अग्लो रुख ढल्दा संरचना भाँच्चिएको इन्जिनियर जयसवालले बताए।

आयोजनासँग आवश्यक पोल मौज्दातमै रहेकाले प्राविधिक टोली र पूर्वनिर्माण कम्पनीको सहकार्यमा पुनर्निर्माण कार्य तीव्र रूपमा अघि बढाइएको छ। दुई वटा टावर ढलेपछि सुर्खेततर्फ आपूर्ति हुने १३२ केभी विद्युत् प्रसारण सेवा अवरुद्ध भएको छ। आयोजनाका अनुसार पूर्ण रूपमा पुनर्निर्माण सम्पन्न गर्न कम्तीमा एक महिना लाग्ने अनुमान गरिएको छ।

यद्यपि निर्धारित समयभन्दा अगावै काम सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य भइरहेको आयोजनाले जनाएको छ।

# जुम्लाकी सफल महिला उद्यमी



❑ काँक्रेविहार संवाददाता
जुम्ला, ३१ वैशाख

अम्बिका श्रेष्ठ ले सीप, मेहनत र आत्मविश्वासका बलमा जुम्लामै पहिलो गार्मेन्ट उद्योग सञ्चालन गर्दै सफल महिला उद्यमीको परिचय बनाएकी छन्।

श्रवण समस्या भएकी उनी अहिले वार्षिक ५० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्ने उद्यमीका रूपमा स्थापित भएकी छन्।

चन्दननाथ नगरपालिका पाँच निवासी अम्बिकाले सुरुमा घरेलु तथा साना उद्योग मार्फत सिलाइकटाइ तालिम लिएकी थिइन्। पछि तत्कालीन शिप विकास कार्यालयमा प्रशिक्षकको अवसर पाए पनि कार्यालय खारेज भएपछि रोजगारी गुमाउनुपरेको थियो।

त्यसपछि केही समय मानसिक तनावमा रहेकी उनले सानो टेलरिङ पसलबाट पुनः यात्रा सुरु गरे। जुम्लामा नियमित विद्युत् आपूर्ति हुन थालेपछि उनले दुई वटा विद्युत् सिलाइ मेसिनबाट आफ्नै घरमा गार्मेन्ट व्यवसाय सुरु गरे।

अहिले उनको हिमालयन गार्मेन्ट उद्योगमा १२ वटा विद्युत् सिलाइ मेसिन सञ्चालनमा छन्। गार्मेन्ट उद्योगमा विद्यालय पोसाकसहित विभिन्न कपडाको सिलाइ-कटाइ हुने गरेको छ।

उद्योगमार्फत १० जना महिलाले प्रत्यक्ष रोजगारी पाएका छन्। कामको आधारमा पारिश्रमिक दिइने व्यवस्था गरिएको छ। उद्योग विस्तारसँगै अम्बिकाले सदरमुकाममा घडेरी समेत खरिद गर्न सफल भएकी छन्।

उनले थप १२ लाख रुपैयाँ लगानी गरेर व्यवसाय विस्तार गरेकी हुन् । उद्योग सञ्चालनमा उनका छोरा सरोजले व्यवस्थापन, हिसाब-किताब र अर्डर व्यवस्थापनमा सहयोग गर्दै आएका छन्।

उद्योगले राम्रो प्रगति गरेपछि विभिन्न निकायबाट सहयोग पनि प्राप्त भएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रममार्फत करिब आठ लाख रुपैयाँ लागतको कपडा धुने मेसिनमा पाँच लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको थियो।

उक्त वाशिङ मेसिन सञ्चालनमा आएपछि तीन महिनामै मासिक करिब दुई लाख २५ हजार रुपैयाँ आम्दानी हुन थालेको अम्बिकाले बताइन्।

यसबाट थप दुई जना महिलाले रोजगारी पाएका छन्। साथै कार्यक्रममार्फत ५० हजार रुपैयाँ बराबरको विद्युत् सिलाइ मेसिनसमेत सहयोग गरिएको छ।

स्थानीय जनप्रतिनिधिका अनुसार अम्बिकाको मेहनत, लगनशीलता र आत्मविश्वासले जुम्लाका अन्य महिलालाई पनि स्वरोजगार र उद्यमशीलतातर्फ प्रेरित गरेको छ।

# दुई महिनाभित्र सञ्चालन हुँदै केबलकार



❑ काँक्रेविहार संवाददाता
कैलाली, ३१ वैशाख

आइएमई समूह ले कैलालीको चिसापानी क्षेत्रमा निर्माण गरिरहेको जालपादेवी केबलकार आगामी दुई महिनाभित्र सञ्चालनमा ल्याउने तयारी गरेको जनाएको छ।

कम्पनीका अनुसार केबलकार आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ र परियोजना निर्धारित समयमै सम्पन्न हुने अपेक्षा गरिएको छ।

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष तथा जालपादेवी केबलकार प्रालिका अध्यक्ष चन्द्र प्रसाद ढकाल ले निजी क्षेत्रले सञ्चालन गरेका परियोजनाहरू समय, लागत र गुणस्तर अनुसार सम्पन्न हुँदै आएको उल्लेख गर्दै यो आयोजना पनि तय गरिएको समयमै सञ्चालनमा आउने बताए।

आइएमई समूहले लम्कीचुहा नगरपालिका तिन चिसापानीदेखि मोहन्याल गाउँपालिका सात राजकाँडा सम्म दशमलव एक किलोमिटर लामो केबलकार निर्माण गरिरहेको छ।

आयोजनाको निर्माण करिब ११ महिनाअघि सुरु गरिएको थियो। करिब पाँच अर्ब रुपैयाँ लागतको परियोजना अन्तर्गत बटम स्टेशनमा होटल, क्यासिनो, ब्याक्वेट हललगायत संरचना निर्माण गरिनेछ। त्यस्तै टप स्टेशनमा रिसोर्ट, मन्दिर, स्काई वाक, वाकिङ ट्रेल, रेष्टुरेन्ट तथा बाल उद्यानजस्ता पर्यटकीय पूर्वाधार विकास गरिने कम्पनीले जनाएको छ।

अध्यक्ष ढकालले पर्यटन पूर्वाधारमा लगानी विस्तार नगरी नेपालले अपेक्षित आर्थिक रूपान्तरण हासिल गर्न नसक्ने बताए। उनका अनुसार पर्यटन क्षेत्रले आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

उनले पर्यटन पूर्वाधार विकासमार्फत पर्यटकको बसाइ अवधि बढाउने, विदेशी मुद्रा आर्जन गर्ने, रोजगारी सिर्जना गर्ने तथा राजस्व वृद्धि गर्न सकिने धारणा राखे।


ढकालले देशभर केबलकार पर्यटन सर्किट निर्माण गर्ने दीर्घकालीन लक्ष्य रहेको उल्लेख गर्दै जालपादेवी केबलकारलाई त्यस अभियानको महत्वपूर्ण परियोजनाका रूपमा प्रस्तुत गरे।

स्थानीय समुदाय, राजनीतिक दल तथा सरकारी निकायबाट प्राप्त सहयोगले आयोजना निर्माणमा महत्वपूर्ण भूमिका खेलेको पनि उनले बताए।

कर्णाली चिसापानी पुल नजिक निर्माण भइरहेको यो परियोजना लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई जोड्ने महत्वपूर्ण पर्यटकीय केन्द्रका रूपमा विकास हुने अपेक्षा गरिएको छ।

भारतीय सीमाबाट करिब दुई घण्टाको दूरीमा रहेकाले भारतीय पर्यटकका लागि समेत यो नयाँ आकर्षण बन्ने विश्वास गरिएको छ।

# डा. पौडेललाई विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी



❑ काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ वैशाख

मध्यपश्चिम विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी प्राध्यापक डा. नारायणप्रसाद पौडेललाई दिइएको छ। सरकारले अध्यादेश ल्याएपछि रिक्त रहेको उपकुलपतिको जिम्मेवारी पौडेललाई दिइएको हो।

पौडेलले यसअघि विश्वविद्यालयको रजिस्ट्रार भएर काम गरिसकेका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पदपूर्ति नभएसम्मका लागि पौडेललाई दैनिक कार्य सञ्चालन गर्न उपकुलपतिको जिम्मेवारी दिएको हो।

सरकारले अध्यादेश ल्याएर यसअघिका उपकुलपति प्राध्यापक डाक्टर ध्रुवकुमार गौतम पदमुक्त गरेको थियो।

# जुवातास खेलिरहेको अवस्थामा ८ जना पक्राउ



❑ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ३१ वैशाख

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७ फुलबारी टोलबाट जुवा खेलिरहेको अवस्थामा ८ जनालाई प्रहरीले पक्राउ गरेको छ। बुधबार राति करिब ९:१५ बजे जनक रोकायको घरमा हारजित हुनेगरी नगद राखी तास खेलिरहेको भन्ने गोप्य सूचनाका आधारमा कर्णाली प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा जुम्लाको सिंजा गाउँपालिका-६ घर भई हाल वीरेन्द्रनगर-७ बस्ने ४२ वर्षीय मनबहादुर बुढा, सिंजा-५ घर भई हाल वीरेन्द्रनगर-७ बस्ने ४४ वर्षीय लक्ष्मण रोकाय, सिंजा-४ घर भई हाल वीरेन्द्रनगर-७ बस्ने ३० वर्षीय लालबहादुर बुढा, ३४ वर्षीय लक्ष्बहादुर बुढा, ४५ वर्षीय गम्भीर रावत, सिंजा-६ घर भई हाल वीरेन्द्रनगर-७ बस्ने ३० वर्षीय विष्णु बुढा, सिंजा-५ घर भई हाल वीरेन्द्रनगर-७ बस्ने ३१ वर्षीय हरिबहादुर रोकाय तथा वीरेन्द्रनगर-७ निवासी ३८ वर्षीय जनक रोकाय रहेका छन्।

उक्त स्थानबाट नगद ९५ हजार १ सय ६६ रुपैयाँ, ६ गड्डी तास, ९ थान मोबाइल समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी मोहनजंग बुढाथापाले जानकारी दिए। उनका अनुसार पक्राउ परेकामाथि जुवा खेलेको कसुरमा थप अनुसन्धान भइरहेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# समन्वय पदाधिकारीको भेला डोल्पामा



**काँक्रेविहार संवाददाता**
डोल्पा, ३१ वैशाख

कर्णाली प्रदेशका १० जिल्लाका जिल्ला समन्वय समिति प्रमुख तथा पदाधिकारीहरूको भेला कार्यक्रम सम्पन्न भएको छ।

जिल्ला समन्वय समिति महासंघ नेपाल कर्णाली प्रदेशको समन्वयमा अन्तरसरकारी सम्बन्ध, सहकार्य तथा अनुभव आदानप्रदानका विषयमा छलफल गर्न पदाधिकारीहरू डोल्पामा भेला भएका हुन्।

बुधबार त्रिपुरासुन्दरी नगरपालिकामा आयोजित कार्यक्रममा कर्णालीका १० वटै जिल्लाका समन्वय पदाधिकारीहरूको सहभागिता रहेको डोल्पाका प्रमुख श्याम रोकायले जानकारी दिए। उनका अनुसार जिल्लाका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई राष्ट्रिय स्तरमा चिनाउने र कर्णालीभित्रका जिल्लाबीच आपसी सम्बन्ध अझ मजबुत बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

प्रमुख रोकायले कर्णालीका जिल्लाहरूले एकअर्काको भूगोल, संस्कृति, जनजीवन र विकासका गतिविधिबारे पहिला आफैं जान्नुपर्ने आवश्यकता औँल्याए। उनले डोल्पाको वास्तविक अवस्था, यहाँको विकास प्रक्रिया तथा जनजीवनलाई नजिकबाट अवलोकन गराउने उद्देश्यले भेला डोल्पामा आयोजना गरिएको बताए। उनले विशेषगरी श्री वाला त्रिपुरासुन्दरी मन्दिर को धार्मिक तथा पर्यटकीय महत्व राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने लक्ष्यसमेत रहेको जानकारी दिए।

कार्यक्रममा त्रिपुरासुन्दरी नगरपालिकाका नगर प्रमुख जनचन्द्र रोकायले यस्ता भेलाले स्थानीय धार्मिक, जैविक तथा पुरातात्विक सम्पदाको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले भेलाले डोल्पाको विकासका मुद्दालाई थप सशक्त रूपमा उठाउन मद्दत पुग्ने अपेक्षा गरे।

जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशका अध्यक्ष तथा मुगु जिल्ला का समन्वय प्रमुख मञ्जनबहादुर कार्कीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व संविधानसभा सदस्य दूधकुमारी हमाल प्रमुख अतिथिका रूपमा सहभागी भएकी छन्।

भेलामा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय, सहकार्य तथा अधिकार कार्यान्वयनका विषयमा समेत विस्तृत छलफल गरिएको आयोजकले जनाएको छ।

# सात सय २९ क्षयरोग संक्रमित फेला

**काँक्रेविहार संवाददाता**
बाँके, ३१ वैशाख

जिल्लामा पछिल्लो समय क्षयरोगका बिरामीको संख्या बढ्दै गएको पाइएको छ। स्वास्थ्य कार्यालय बाँकेका अनुसार एआई एक्स-रे प्रविधिबाट सक्रिय खोजपड्ताल अभियान तीव्र पारिएपछि नयाँ बिरामी पहिचान हुने क्रम बढेको हो।

स्वास्थ्य कार्यालय बाँकेका क्षयरोग फोकल पर्सन रविन्द्रकुमार शाहका अनुसार चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म सात सय २९ जना क्षयरोगका बिरामी फेला परेका छन्।

एआई एक्स-रे विधिमार्फत समुदायस्तरमा गरिएको सक्रिय परीक्षण अभियानबाट ती बिरामी पहिचान भएका हुन्। सबैभन्दा बढी बिरामी नेपालगन्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिका मा भेटिएका छन्। स्वास्थ्य कार्यालयका अनुसार नेपालगन्जमा दुई सय जना र कोहलपुरमा एक सय २९ जना क्षयरोगी फेला परेका छन् त्यसैगरी डुडुवा गाउँपालिका मा ६२, बैजनाथ गाउँपालिका मा ९३, खजुरा गाउँपालिका मा ९२ तथा जानकी गाउँपालिका मा ५८ जना बिरामी फेला परेका छन्।

राप्तीसोनारी गाउँपालिका मा ५० र नरैनापुर गाउँपालिका मा ४५ जना क्षयरोगी पहिचान भएको स्वास्थ्य कार्यालयले जनाएको छ।

गत आर्थिक वर्षमा बाँकेमा एक हजार एक सय ८२ जना क्षयरोगका बिरामी फेला परेका थिए। यस वर्ष नौ महिनामै करिब आठ सय नयाँ बिरामी पहिचान भइसकेकाले संक्रमण बढ्दो अवस्थामा रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। समुदाय स्तरमै क्षयरोग पहिचान गर्न हाल विभिन्न स्थानमा एआई एक्स-रेसहितको सक्रिय खोजपड्ताल शिविर सञ्चालन भइरहेको छ। हालै नेपालगन्ज र खजुरामा सञ्चालन गरिएको शिविरबाट मात्रै १४ जना नयाँ क्षयरोगी फेला परेका छन्।

नेपालगन्ज उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक तथा क्षयरोग फोकल पर्सन विनोद विकका अनुसार वडा नं. १२, १४, २०, २१ र २२ मा आठ जना संक्रमित भेटिएका छन्। तीमध्ये एक जनाको अवस्था जटिल भएकाले अस्पतालमा भर्ना गरेर उपचार गर्नुपर्ने अवस्था रहेको छ।

त्यसैगरी खजुरा गाउँपालिकामा फेला परेका छ जना संक्रमितमध्ये वडा नं. आठका एक बिरामीलाई पनि अस्पतालमा भर्ना गरी उपचार गर्नुपर्ने अवस्था रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०१**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गिता पुलामी मगर** धनी रहेको, **दर्ता नम्बर** २८७६/०७३/०७४ बाट **वीरेन्द्रनगर-४, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **बाँसघारी पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०१**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सिता चौधरी** धनी रहेको, **दर्ता नम्बर** ७२४० बाट **वीरेन्द्रनगर-१२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सिता मौरी तथा कृषि फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं।

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

***स्वस्थ जीवन, उन्नत भविष्यको आधार।***

**नेपाल सरकार**
विज्ञापन बोर्ड

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

## सम्पूर्ण छपाईका काम एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेन्डर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागेजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६



गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता


काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)